प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

jif{& c‡s $ k'0ff{‡s #$ ljwfs]Gb|t ;flxlTos klqsf @)&! sflt{s–d+l;/

;/Hfs

**वसन्तकुमार शर्म्मा 'नेपाल'**

lgb]{zs

**विनयकुमार शर्मा नेपाल**

k|wfg ;Dkfbs

**ठाकुर शर्मा भण्डारी**

;Dkfbs

**यादव भट्टराई**

;xof]uL

**कमला नेपाल**

**भाभा शर्मा**

**आभा शर्मा**

**मातृका आचार्य**

**अनोज ढकाल**

**कल्पना आचार्य**

**प्रकाशक**

**शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौँ

**Shabdartha Prakashan**

Chabahil Ganeshthan, Kathmandu, Nepal

977-01-4497351 / 9841-496103

email : shabdarthaprakashan@gmail.com

nepal.vk@hotmail.com / nepal120@yahoo.com

web: http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÙf{lhDd]jf/ :jod\n]vs g}xg'5g\.

# सम्पादकीय

● कविता विधाको एउटा शाखाको रूपमा रहेको गीत तथा गजलले आफ्नो अस्तित्व गायन शैलीमा जीवित राखेको छ । वास्तवमा लेखन र प्रकाशनभन्दा गायनबाटै यो विधा परिचित भएको पाइन्छ भने विनागायन जति राम्रो गीत वा गजल लेखिए पनि त्यसको चर्चा, परिचर्चा भएको पाइन्न । फारसी र उर्दूबाट नेपालमा भित्रिएको गजल कस्तो हुनुपर्छ ? यसका सिद्धान्त के के हुन् ? यो विषयमा थुप्रै धार र बहसहरू नभएका होइनन्, आआफ्ना विचार र मत प्रकट नभएका पनि होइनन् । सिद्धान्तले सिर्जना जन्मदैन बरु सिर्जनाले सिद्धान्त जन्माउँछ भन्ने कुरामा **वैजयन्ती** ढुक्क छ ।

● **वैजयन्ती** विधाकेन्द्रित पत्रिका हुनाले त्यो माथापच्चीमा लागेको छैन कि कुन रचना कुन सिद्धान्त अन्तर्गत गजल हो वा कुन रचना कुन सिद्धान्त अन्तर्गत गजल होइन, मात्र विधा समेट्ने हाम्रो लक्ष्य हो, कुन धार, मत, राय, सिद्धान्त अन्तर्गत कुन कस्ता गजल हुन् वा होइनन्, त्यसको निरूपण विज्ञ पाठक आफैंले गरिहाल्ने छन् ।

● **हाम्रो अभियान विधागत अभियान** भनेर **वैजयन्ती**ले विभिन्न विधाको संवर्द्धनका लागि साहित्यको सबै खाले विधालाई समावेश गर्दै आएको कुरा सर्वविदित छ । यसै सिलसिलामा विभिन्न विद्वान् स्रष्टाहरूबाट लेखिएका देश विदेशबाट प्राप्त **गजल**हरू यस अङ्कमा समाविष्ट गर्ने प्रयास भएको छ । प्रत्येक विधाको विषयमा सैद्धान्तिक परिचयका रूपमा विद्वान् स्रष्टाद्वारा लेखिएको पुछारको पातोले निरन्तर सम्बन्धित विधाको धेरथोर आरम्भ र विकासक्रमलाई प्रस्ट पार्ने कोसिस रहेकै छ ।

● **वैजयन्ती**लाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक-साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुने नै छ भन्नेमा हामी विश्वस्त छौं ।

*

## साहित्यिक पत्रिका **वैजयन्ती**को

**समीक्षा १-२-३, संस्मरण १-२-३, स्वदेशयात्रा १-२-३, विदेशयात्रा १-२, राष्ट्रियव्यक्तित्व १-२-३, निबन्ध १-२, छन्दकविता १-२-३-४-५ गद्यकविता १-२, चाड/पर्व, संस्कृति, एकाङ्की, पूर्वस्मृति, लघुउपन्यास, लघुकथा, मुक्तक र कथा १-२-३ र गजल पछि अब पुनः समीक्षा अङ्क ।**

● **शब्दार्थ प्रकाशन**को **वेब साइड** nepalipublisher.com मा **वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।





## यस अङ्कमा


| क्रम | गजलकार | पृष्ठ | क्रम | गजलकार | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अज्ञानी | ५ | ३४ | दिवाकर 'स्वप्नील' | ३५ |
| २ | इन्द्रकुमार श्रेष्ठ | ६ | ३५ | दीर्घ क्षत्री 'दीप' | ३६ |
| ३ | इन्द्रकुमार श्रेष्ठ 'सरित्' | ७ | ३६ | दीलिप 'दोषी' | ३४ |
| ४ | इश्वरी कार्की 'वर्षा' | ८ | ३७ | दुर्गा 'वनवासी' | ३७ |
| ५ | उज्ज्वल जी.सी. | ९ | ३८ | डा. धनपति कोइराला | ३८ |
| ६ | उपमा आचार्य | १० | ३९ | धनराज गिरी | ३९ |
| ७ | उर्मिला कोइराला 'आँसु' | ११ | ४० | नन्दलाल आचार्य | ३५ |
| ८ | उर्मिला पन्त पाडेय | १२ | ४१ | नरेन्द्रराज पौडेल | ४० |
| ९ | ओम क्षितिज | १३ | ४२ | नवराज पोखरेल 'पाखेली' | ४१ |
| १० | कमल पौडेल | १४ | ४३ | नारायण नेपाल | ४२ |
| ११ | कमल 'सङ्घर्ष' | १५ | ४४ | नीता केसी | ४३ |
| १२ | किरात नाकारा | १६ | ४५ | पवन सङ्ग्रौला | ४४ |
| १३ | कृष्ण अर्याल | १२ | ४६ | पूर्ण मुनकर्मी | ४५ |
| १४ | कृष्णप्रसाद बस्याल | १७ | ४७ | पूर्वेली गाउँले | ४६ |
| १५ | कृष्ण श्रेष्ठ | १८ | ४८ | प्रकाश बस्नेत | ३० |
| १६ | केशु विरही | १६ | ४९ | प्रकाशमणि दहाल | ४७ |
| १७ | गङ्गाकुमारी राई 'सुम्निमा' | १९ | ५० | प्रज्ज्वल भट्टराई | ४८ |
| १८ | गङ्गा पौडेल | २० | ५१ | प्रभा वराल | ४९ |
| १९ | गनिन्द्र विवश | २१ | ५२ | बद्रि लामा | ५० |
| २० | गोपालकृष्ण सिजाल | २२ | ५३ | बविन 'जिज्ञासु' | ४५ |
| २१ | गोपाल सञ्जेल | २३ | ५४ | बलराम पौडेल | ५१ |
| २२ | गोवर्धन पूजा | २२ | ५५ | बिनु भट्टराई | ५२ |
| २३ | गोविन्द घिमिरे 'वेदमणि' | २४ | ५६ | बूँद राना | ५३ |
| २४ | गोविन्द 'समर्पण' | २५ | ५७ | भारती गौतम | ५४ |
| २५ | घनश्याम न्यौपाने 'परिश्रमी' | २६ | ५८ | भुवनहरि सिग्देल | ५५ |
| २६ | चन्द्रप्रसाद न्यौपाने | २७ | ५९ | मदन न्यौपाने 'दोषी' | ५६ |
| २७ | छवि ज्ञवाली | २८ | ६० | मनोज ढुङ्गाना | ५७ |
| २८ | जे. सागर | २९ | ६१ | मनोज भण्डारी | ५८ |
| २९ | ज्ञानुवाकर पौडेल | ३० | ६२ | मानन्धर अभागी | ५९ |
| ३० | डिल्लीराज अर्याल | ३१ | ६३ | मुकुन्द शर्मा चालिसे | ६० |
| ३१ | तिलस्मी प्रभास | ३२ | ६४ | मिलन समीर | ६१ |
| ३२ | तुलसीनारायण चित्रकार | ३३ | ६५ | मीनकुमार 'नवोदित' | ६२ |
| ३३ | त्रिलोचन आचार्य | ३४ | ६६ | मोहनमणि पोखरेल | ६३ |

| | | | |
|---|---|---|---|
| ६७ मेनका पोखरेल आचार्य | ६२ | ८४ विनयकुमार शर्मा नेपाल | ७७ |
| ६८ रमेश शुभेच्छु | ६४ | ८५ विमला कार्की | ७८ |
| ६९ राजकुमार श्रेष्ठ | ६५ | ८६ विष्णु अभिषेक | ७९ |
| ७० राजन पुडासैनी | ६४ | ८७ विष्णु के. गौतम | ८० |
| ७१ राजु काश्यप | ६६ | ८८ विष्णुदीप सङ्कल्प | ८१ |
| ७२ राजुप्रसाद भुसाल | ६७ | ८९ शारदा घिमिरे | ८२ |
| ७३ राजेन्द्र तारकिणी | ६८ | ९० शिशिर सुरेश | ८३ |
| ७४ रामकुमार पण्डित क्षत्री | ६९ | ९१ शेखर विकल्प | ७९ |
| ७५ रामप्रसाद पन्त | ७० | ९२ शोभा रिजाल | ८४ |
| ७६ रामेश्वरी पन्त | ७१ | ९३ सतीश छेत्री | ८५ |
| ७७ रुक्मागत काफ्ले | ७२ | ९४ सन्तोष सुवेदी | ८६ |
| ७८ रुक्मिणी शर्मा | ७३ | ९५ समर चेम्जोङ्ग 'आभाष' | ८७ |
| ७९ रुद्र ज्ञवाली | ७४ | ९६ सुधीर ख्वबि | ५ |
| ८० रेखा मानन्धर 'काली' | ७५ | ९७ सुन्दर भट्ट | ८८ |
| ८१ लक्ष्मीदत्त भट्ट | ५८ | ९८ सुमित्रा भट्टराई | ८९ |
| ८२ ललिता 'दोषी' | ७६ | ९९ सुरेन उप्रेती | ९० |
| ८३ विक्रम नेपाली 'पवन' | ७६ | १०० सेलकर पाख्रिन | ८८ |

**स्थायी स्तम्भ** : -

पुछारको पातो : गजलको सिद्धान्त शास्त्रीय परिचय ✍प्रा. राजेन्द्र सुवेदी ९१

नेपालका केही पुस्तक पसलहरू : १०१

शब्दार्थ प्रकाशनका पुस्तकहरू : १०५


# सूचना

**विभिन्न पुस्तक मेला, प्रदर्शनी र कार्यक्रमहरूमा वैजयन्ती व्यापक रूपमा वितरण गरिने र ६ महिनाभन्दा पुरानो अङ्क हामीसँग बाँकी नरहने हुनाले वैजयन्तीमा रचना प्रकाशित भएका स्रष्टाले समयमै आफ्नो प्रति हाम्रो कार्यालयमा आई लिनुहोला ।**





## ■ अज्ञानी

ओझेल नपर्नु चेहेरा बिर्सिन्छु
साँचै म आफ्नै डेरा बिर्सिन्छु ।

जहानको पनि आरोप छ अरे !
सानो गुँड र बचेरा बिर्सिन्छु ।

कसैले भन्यो म हाँसे पछि
झिना मसिना अप्ठेरा बिर्सिन्छु ।

कसरी मैले जन्मेको भूमि
कालीकोट दहाँसेरा बिर्सिन्छु ?

छातीमा पत्थर लाएर पनि
गाउँबेसी पाखा पखेरा बिर्सिन्छु ।

आणंद गुजरात ।

## ■ सुधीर ख्वबि

दुख भनी नभुल्नु तिमी
पीडा बनी नदुख्नु तिमी ।

बित्यो हिजो सपना थियो
साथी आज नटुट्नु तिमी ।

यस्तै हुन्छ जिन्दगानीमा
छाँया बनी नछुट्नु तिमी ।

जहाँ पुगे यात्रामा साथी
सुख साँच्न नचुक्नु तिमी ।

गरी खानु इमानसँगै
शत्रु सामु नभुक्नु तिमी ।

ललितपुर ।

**अबको पालो**

कथा, गजल, समीक्षा, छन्दकविता,
निबन्ध, गीत, संस्मरण, गद्यकविता र अन्तर्वार्ता अङ्कहरू ।

## ■ इन्द्रकुमार श्रेष्ठ

राजा नहुँदा के भो र ! रानीपोखरी छँदै छ
महङ्गी बेरोजगारी र उस्तै भोकमरी छँदै छ ।

सुनेथ्यौं संविधान बनाउने यो देश नै नयाँ बनाउने
अन्याय, अत्याचार असाध्य सकेको मनपरी छँदै छ ।

कुनचाहिँ क्षेत्र छ सङ्लो र ! सर्वत्र धमिलो मात्र छ
अराजक, दण्डहीनता राष्ट्रिय मुहारभरि छँदै छ ।

समय मात्र फेरियो इतिहास उही पुरानै
निमुखा र निर्धाको निधारमा पसिना तर्तरी छँदै छ ।

प्रवृत्ति फेर्नमा कोही तम्तयार यहाँ भएनन्
यो राष्ट्र सफल हुनु छ तर असम्भवसरि छँदै छ ।

ओखलढुङ्गा

**के तपाईंले हाम्रो वेब साइड हेर्नुभएको छ ?**
web : http://nepalipublisher.com/





## ■ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

भ्रमलाई नै सत्य ठानेर म पहाड उक्लिरहेँ
रद्दीलाई रामायण मानेर म पहाड उक्लिरहेँ ।

अनन्त सपनाले दिनमै रङ्गीन पखेटा फिँजाएपछि
सिङ्गो धर्तीलाई ढपक्क ढाकेर म पहाड उक्लिरहेँ ।

जुलुससँगै मिसिएर पुग्नु थियो अग्लो चुचुरो
विचारका थुप्रै डोरी बाटेर म पहाड उक्लिरहेँ ।

घाम छेक्ने बादल च्यात्नु नै अभीष्ट थियो
एक अँगालो बाँस ताछेर म पहाड उक्लिरहेँ ।

टाढाको पहेँलो घामले सुन बनेर झुक्याएछ
भ्रम होइन सत्यलाई अँगालेर म पहाड उक्लिरहेँ ।

तरहरा, सुनसरी ।

**नेपाल-साहित्य समाज**

**'वसन्त-राधा पद्यकाव्य पुरस्कार'बाट सम्मानित व्यक्तित्व :**

१. २०६८ डिल्लीरमण शर्मा अर्ज्याल ।
२. २०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी ।
३. २०७० बुनू लामिछाने ।

**'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान'बाट सम्मानित संस्था :**

१. २०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी ।
२. २०६९ चिसाखोला आश्रम, पोखरा ।
३. २०७० भागवत् सन्न्यास आश्रम, पशुपति ।

## ■ इश्वरी कार्की 'वर्षा'

भोको पेटमा मायाका कुरा सुहाउँदैन
तिम्रो मायाले मेरो पेट अघाउँदैन।

खुसी छु तर तिम्रा आगमनले मात्र
यहाँ मेरो अभावको खडेरी हराउँदैन।

दिनरात एकैनास लुटिइएका चेली देख्दा
किन घाम, जून कहिले सर्माउँदैन।

भन्छन् माया भए सबथोक मिल्छ
खोइ किन मझेरीको चिसो ओभाउँदैन।

सुखमा मात्र सबै निको लाग्छ
मीठा कुराले पेटको आगो निभाउँदैन।

जाऊ अरूसँगै गर स्वप्निल कुरा
भ्रमको खेतीले झुपडीको मन रमाउँदैन।

काठमाडौं।





## ■ उज्ज्वल जी.सी.

भेटघाट अवश्य होला नकराऊ दुई-चार दिन
हृदयको शान्त तलाउ नचलाऊ दुई-चार दिन।

बदला लिने रहर भए मुटुमै किला ठोके हुन्छ
आँसुले लेखिएको पत्र नजलाऊ दुई-चार दिन।

ईश्वर सम्झी दश औंलाले पूजा गर्दै छु आजसम्म
बिन्ती छ मनभित्र घृणा नफलाऊ दुई-चार दिन।

अरू जस्तै मान्छे हुँ म जवानीले कतै मातिन सक्छु
हो प्यास मेटाउन आएँ भने नडराऊ दुई-चार दिन।

तिम्रा झूटा आरोपहरू चुँक्क नबोली सहेकै त छु
भो मानसिक यातनाले नगलाऊ दुई-चार दिन।

काठमाडौं।

**के तपाईंले**
**हाम्रा स्कुल, बोर्डिङ र कलेजका पुस्तकहरू**
**पढ्नुभएको छ ?**

## ■ उपमा आचार्य

अनेक देवी देवल भाकल गरी तिमीलाई पाएँ
मठ मन्दिर घुम्दै पुज्दै फूलसरी तिमीलाई पाएँ ।

यहाँ वहाँ गगन सागर खोजी हिँड्थे पागलसरी
त्यही गगनमा लुकी बसेकी जूनसरी तिमीलाई पाएँ ।

चाहेको थें तिमीलाई मैले सात जूनी पूजन गर्दै
दैव सन्जोग ठ्याकै जुऱ्यो पुकार गरी तिमीलाई पाएँ ।

डर लाग्थ्यो तिमीलाई मागी कोही आई लगे भने
मायाँ माँगे जीवन दियौ मनभरी तिमीलाई पाएँ ।

मेरो हाँसो मेरो खुशी अब सबै तिमीलाई सुम्पें
सार्थक भयो जीवन मेरो भाकल गरी तिमीलाई पाएँ ।

चाबेल, काठमाडौं ।

**के तपाईंले हाम्रा समालोचना र अध्यात्मदर्शनका पुस्तकहरू पढ्नुभएको छ ?**





## ■ उर्मिला कोइराला 'आँसु'

मानवता भन्दा ठूलो अभिमान बनिदिन्छ
मान्छेले नै मान्छे मार्दै अन्जान बनिदिन्छ ।

त्यतिखेर बाउप्रति छोरो निर्दयी देखिन्छ
जतिखेर उसको आफ्नै पहिचान बनिदिन्छ ।

हाम्रो पवित्र प्रेमलाई पक्कै पापसँग जोडिनेछ
जब एक कान दुई कान हुँदै मैदान बनिदिन्छ ।

नियाली रहेनछु युगौंदेखिको यो परिपाटी
यहाँ छोरी बेच्ने प्रथा कन्यादान बनिदिन्छ ।

अस्तित्वको हेक्का तब मात्र राख्नेछौ तिमी
जब 'आँसु' भन्दा ठूलो स्वाभिमान बनिदिन्छ ।

काभ्रे ।

यि सानै उमेरदेखि मन हर्न लागे
यिनै सुन्दरीले जुलुम गर्न लागे ।
-मोतीराम भट्ट

## ■ उर्मिला पन्त पाण्डेय

भावनाको साङ्लोमा कसी बेरूँ भैँ लाग्छ
तिमीबाट तिमीलाई नै चोरूँ भैँ लाग्छ ।

तिम्रो नयन परेलीको डिलमा बसी
प्रकृतिको सुन्दर चित्र भैँ हेरूँ लाग्छ ।

तिमीसँगै मुटुको ढुकढुकी साटेर
जीवनको स्वास-प्रस्वास फेरूँ भैँ लाग्छ ।

जिन्दगीका उतार-चढाव सबै भुली
तिम्रो मनको मभ्रेरीमा सरूँ भैँ लाग्छ ।

काठमाडौँ ।

## ■ कृष्ण अर्याल

मैले भरिया देखेँ भने पनि पारिबाट ।
जीवन बोकेको बुझ्छु त्यो भारीबाट ।

म बाको खरानी पोतिएको बुझ्छु
के बुझ्छौ ? आमाको सेतो सारीबाट ।

तब मात्र पेटले आन्दोलन रोकेको हो
जब कुर्लिए अभावहरू भकारीबाट ।

के ? फूलको चिहान खोजेका छौ तिमीले ?
थाहा पाइहाल्छौ त्यो त पुजारीबाट ।

आँपचौर, गुल्मी ।





## ■ ओम क्षितिज

तिर्खा छ शान्तिको, मूल कहाँ खोजुँ ?
उराठ यो बगरमा फूल कहाँ खोजुँ ?

बाटो छ घुमाउरो न्याय मन्दिरको.....
सिधै गोरखा पुग्ने पुल कहाँ खोजुँ ?

दाग हाम्रै रगतको छ हरेक शस्त्रमा
घाउमा मलम बनोस् शूल कहाँ खोजुँ ?

बञ्चरो निर्दोष रे तरवार बेकसुर..
घाइते कलमको भुल कहाँ खोजुँ ?

छेकिँदैछ 'क्षितिज' लाशको पहाडले
सानै..तर जिउँदाको हुल कहाँ खोजुँ ?

बुटवल ।

**के तपाईंले हाम्रा बाल साहित्य आफ्ना नानीहरूलाई पढाउनुभएको छ ?**

## ■ कमल पौडेल

आजभोलि हो गीत गजल मन पर्छ
जिन्दगीको नमीठो पजल मन पर्छ ।

अविश्वासको जकडिएको समाजमा
तिम्रो त्यो बानी  चञ्चल मन पर्छ ।

ख्याल ठट्टा गर्दागर्दै मोड आयो
तिमी नै मलाई पल हरपल मन पर्छ ।

न चाहँदा नचाहँदै जोडिएको डोरी यो
साथ पाउँदाको त्यो तलतल मन पर्छ ।

प्रकृतिले सजिएको मीठो देश मेरो
सुन्दर झरनाको कलकल मन पर्छ ।

कपिलवस्तु ।

के तपाईंले हाम्रा काव्य र कविताका पुस्तकहरू पढ्नुभएको छ ?





## ■ कमल 'सङ्घर्ष'

हजुरको सहरमा म के गर्न आएँ
न थाहा छ घरमा म के गर्न आएँ ।

यही प्यास मेटाउने लालसामा
सुकेको बगरमा म के गर्न आएँ ।

तिमीले रच्यौ रे सबै यो प्रपञ्च,
अरे विष्णु बर्मा म के गर्न आएँ ।

दुई पाउ नै छन् उता बन्धकीमा
यता यो सफरमा म के गर्न आएँ ।

चिनेछन् सबैले कमल हो भनेर,
गुलावी अधरमा म के गर्न आएँ ।

अछाम ।

के तपाईंले हाम्रा ज्ञान-विज्ञानका पुस्तकहरू पढ्नुभएको छ ?

## ■ किरात नाकारा

आऊ मिलाऊ हात फेरि अर्को जाल हालेर जाऊ
ऋण गरी षड्यन्त्र र दमनको नयाँ चाल चालेर जाऊ ।

चिन्ता नगर ! कुरा मिल्छ तिमीसँग हाम्रा ठुलाठालुको
पानी, माटो र सीमा लुट्ने नयाँ चाल चालेर जाऊ ।

तेइसौं वर्ष पछिको दोस्रो हनिमुन हुनसक्छ यो
हाम्रो पसिना र रगत चुस्ने नयाँ जाल हालेर जाऊ ।

मुसाजस्तै खेलाउँदै हाम्रो आकाश धुमिल पार्ने
फेरि नौलो नयाँ समीकरणको चाल चालेर जाऊ ।

खोटाङ ।

## ■ केशु विरही

लिएर निरासा तिमी अल्मलियौ
सिएर निरासा तिमी अल्मलियौ ।

यो कस्तो अँधेरो पिपासा खसे झैं
पिएर निरासा तिमी अल्मलियौ ।

चैतको विप्लवी आँधी तुफानमा
जिएर निरासा तिमी अल्मलियौ ।

नहुने ननिको यो घाउ दिलमा
दिएर निरासा तिमी अल्मलियौ ।



वैजयन्ती ३४ गजल अङ्क

## ■ कृष्णप्रसाद बस्याल

गजबै भो दोस्रोपल्ट सभासद भै आएपछि
सबै छोडी आँखा पाँच करोडमै लाएपछि ।

विकासको छेलो खेलो हुने भयो अब
कार्यकर्तासँग हिँडी सभासदकोमा धाएपछि ।

गौण भयो संविधान सभा बस्नै कठिन छ रे
लाग्लान् त्यता सभासदले विदेश भ्रमण भ्याएपछि ।

वाचा यौटा पूरा हुन्थ्यो चुनावमा गरियो जो
कार्यकर्ता ढुक्क हुन्थे जागिर दिन पाएपछि ।

बनिहाल्छ संविधान जनता व्यर्थ कराउँछन्
गणतन्त्र सङ्घीयताको गीत-गाथा गाएपछि ।

अब भने संविधान बनाउनै पर्ने भयो
कसो गरौं दुनियाँको सराप खानु खाएपछि ।

यौटा जाबो संविधान बनाउन केको दुःख
उत्तर दक्षिण कतैबाट मसौदा नै ल्याएपछि ।

चाबेल, काठमाडौं ।

## ■ कृष्ण श्रेष्ठ

ताराहरू गन्दागन्दै बिर्सिएँछु जून
अहिले त्यै जून सम्झी थालेको छु रुन ।

हामी वारिपारि भाको अरू कसले देख्ने
नदीलाई हतार छ सागर नै छुन ।

सधैं मेरो मनमा यही प्रश्न खडा हुन्छ
को रोक्दै छ मान्छेलाई मान्छेजस्तो हुन ।

कति सुनूँ ए न्याउली तिम्रो मात्र कथा
बिछोडको मेरो कथा अब तिमी सुन ।

दुई थोपा आँसु मात्र पुछी के पो गर्छौ
बिन्ती गर्छु यो आँसुको मूल पनि थुन ।

दक्षिण कोरिया ।

**के तपाईंले हाम्रा उपन्यास र कथासङ्ग्रहहरू पढ्नुभएको छ ?**





## ■ गङ्गाकुमारी राई 'सुम्निमा'

जुनको आँसु व्यति बनेर झरेको म मान्छे
तिम्रो विश्वासको बन्धनमा परेको म मान्छे ।

तिमी फुलेको देखेर आफ्नो संसार छाडी
तिम्रो दिलको झोलुङ्गे पुल तरेको म मान्छे ।

जुनीभर म तिमीलाई साथ दिन्छु भनी
हृदयदेखि प्रतिज्ञा गरेको म मान्छे ।

आकाशजस्तै निश्चल अनि पवित्र होस् माया
थाहा नपाइ जिन्दगी नै हारेको म मान्छे ।

तिमीले दिएको घृणा म घृणा मान्दिन
सम्मान र अभिनन्दनले मरेको म मान्छे ।

हलेसी, खोटाङ ।

जहाँसम्म पुऱ्याएर फर्किएका थियौ तिमी
त्यहीं छु म जहाँदेखि तर्किएका थियौ तिमी
बिदावादी हुँदाखेरि उही शब्द बोलें मैले
हो त उही शब्द सुनी झर्किएका थियौ तिमी ।
-मनु ब्राजाकी

## ■ गङ्गा पौडेल

स्वार्थी हुन्छ मान्छेको जात आफू मात्रै खाउँ भन्छ
अरू नाङ्गै, भोकै मरून् आफू मात्र लाउँ भन्छ ।

देखी कत्ति सहन्न ऊ आफ्नो अघि अरू मान्छे
खुट्टा तानी पछारेर आफै अघि जाउँ भन्छ ।

आफन्तकै शिरमा टेकी उक्लिएर माथि चढी
पद, पैसा आउनेतिर आफूमात्र धाउँ भन्छ ।

इमान, जमान, नैतिकता बन्धकमा परे पनि
ठूलो भाग जति सबै आफू मात्र पाउँ भन्छ ।

आफ्नो स्वार्थ पूरा गर्न राष्ट्रलाई नै दाउमा राखी
सुनैसुनले घरको छानो आफू मात्रै छाउँ भन्छ ।

काठमाडौं ।

**के तपाईंले हाम्रा निबन्ध र प्रबन्धका पुस्तकहरू पढ्नुभएको छ ?**





## ■ गनिन्द्र विवश

हार भित्रै त्यो जीत छ रुन्छौ किन ? अम्बिका
आँसु बगाई ती परेली धुन्छौ किन ? अम्बिका ।

झुटको हुरी निमेष हो ढल्छ कहाँ सत्य त्यो
सन्तापको जाल व्यर्थै बुन्छौ किन ? अम्बिका ।

फूल पनि काँडा भन्छन् खुट्टा तानी जल्नेहरू
साध्य छैन त्यो कुरामा सुन्छौ किन ? अम्बिका ।

बगाइ हो जिन्दगानी मन सिला माछा झैं
निस्ठुरी भई दुवाली थुन्छौ किन ? अम्बिका ।

सँगालेर जिजीविषा जिएकै छन् दुनियाँ
जवानीमै यो कायर हुन्छौ किन ? अम्बिका ।

तेह्रथुम ।

यती सम्मन् भएको हाल, कि ऊ जानोस् कि मै जानू
कि उस्तै क्वै भए जान्ला, कि ऊ जानोस् कि मै जानू ।
यता बर्सन्छ मेघ धारा, उता चम्चम् विजुलीको
म 'इन्दु' के भएँ हुँला, कि ऊ जानोस् कि मै जानू ।
-लक्ष्मीदत्त पन्त

## ■ गोपालकृष्ण रिजाल

सकिँदैन मर्न यहाँ जिउन झनै गाह्रो भो
विष घोलिदियौ जिन्दगीमा पिउन झनै गाह्रो भो ।

यात्रा गर्ने सँगै भन्ने तिमी बीचमै छोडिगयौ
कसको भयौ आखिर तिमी चिन्न झनै गाह्रो भो ।

तिमी भने तिमीलाई पर्खें आखिर कसको साथ हरायौ
सँगै जिउने भन्ने तिमी बस्न तिमीलाई गाह्रो भो ।

रात रङ्गिन पार्दै हिँड्ने तिमी थाहा पाउन थेरै ढिला भो
त्यही यादमा जलेर आज बाँच्न साह्रै गाह्रो भो ।

## ■ गोवर्धन पूजा

हार्नु छैन, जित्नु छैन, किन युद्ध गर्ने हामी
आफै बस्ने पोखरीमा किन विष भर्ने हामी

मरी लानु केही छैन केवल सात फीट जिमी
मनबारीमा फूल रोपौं किन काँडा छर्ने हामी

मन हाँसे खुसी फुल्छ, जाग्न थाल्छ बाँच्ने मोह
सकेसम्म मिली बसौं किन बसाइ सर्ने हामी

पुग्छ हाम्लाई आफ्नै भागको सुखदुख खाइ बाँच्न
खेरा फाल्न, जिती हार्न, किन भाग हर्ने हामी ?

अमेरिका ।





## ■ गोपाल सञ्जेल

लोकतन्त्र छाएर पनि खै कस्तोकस्तो
गणतन्त्र आएर पनि खै कस्तोकस्तो ।

घोषणा त जोशिलो र कसिलो नै थियो
राजतन्त्र धपाएर पनि खै कस्तोकस्तो ।

रस पनि छ जस पनि छ तर नयाँ
राष्ट्रगान गाएर पनि खै कस्तोकस्तो ।

मनभित्र शान्ति पाल्न सकिनँ मैले
बौद्धनाथ धाएर पनि खै कस्तोकस्तो ।

नयाँ नेपालको नारा गफैमात्र भयो
शपथ खाएर पनि खै कस्तोकस्तो ।

ललितपुर ।

**शब्दार्थ प्रकाशन**को वेब साइड
**web :** www.shabdarthaprakashan.com/
www.nepalipublisher.com
मा
**वैजयन्ती**का
सबै अङ्क, लेखकहरूको परिचय, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्बिर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् है ।

## ■ गोविन्द घिमिरे 'वेदमणि'

आजभोलि अगेनामा बस्छ मेरो पोइ
ढिकी जाँतो चुला चम्को गर्छ मेरो पोइ ।

पँधेरामा पानी भर्ने सँधै काम उसको
कपडाको भारी पनि धुन्छ मेरो पोइ ।

रातभरि गोडा मिच्छ श्रीमतीको पनि
सबैलाई चिल्लो चाप्लो पार्छ मेरो पोइ

बच्चालाई नुहाउँछ सफा सुघर गर्छ
ख्वाई प्याई विद्यालय लान्छ मेरो पोइ

कति राम्रो प्यार उसको श्रीमतीलाई गर्ने
सधैँभरि अदवमा बस्छ मेरो पोइ ।

जोरपाटी, काठमाडौं ।

कुरा सुन्दछिन् मन लगाएर सारा
बहाउँदछिन् हाँसी  यी पियूष धारा ।
म माथि ठूलो प्रेम राखेर हेर्छिन्
जुझाए नयन मुख शरम मानि फेर्छिन् ।
-शम्भुप्रसाद ढुङ्गेल





## ■ गोविन्द समर्पण

माटो सकिनेछ पानी सकिनेछ
तिम्रो मेरो जिन्दगानी सकिनेछ ।

हाँसो हैन ठट्टा हैन साँचो भन्दै छु
सकिनेछ हाम्रो जवानी सकिनेछ ।

कदापि रोकिने छैन छेकिने छैन
जानि सकिनेछ नजानी सकिनेछ ।

रहने छैन मुनामदन लैलामजनु झैं
तिम्रो मेरो प्रेम कहानी सकिनेछ ।

यो देशको लागि जन्मभूमिको लागि
सुनाइदिनु एउटा भाग्यमानी सकिनेछ ।

कालागाउँ, अछाम ।

कलेजा एक चुम्बनले वसन्ती वाग झैं होला
मुटुमा चस्कने शोला शरद्को ताल झैं होला ।
तिमी हिमालको देवी जसै पग्लेर आउली
नसामा रक्तको खोला उषाको शीत झैं होला ।
-भीमनिधि तिवारी

## ■ डा. घनश्याम न्यौपाने 'परिश्रमी'

झिसमिसे बिहानमा ब्युँझन्छ घनश्याम
साँझसम्म बाँझो जोत्छ खन्छ घनश्याम।

भित्र भित्र आशाको छ बत्ती बालेको
आशाकै प्रवाहमा बहन्छ घनश्याम।

कैले पग्लिदिन्छ पानीजस्तै भएर
कैलेकाहीँ ढुङ्गो पनि बन्छ घनश्याम।

सङ्घर्षका मैदानमा परेड खेल्छ ऊ
सङ्घर्षकै पहाड उक्लन्छ घनश्याम।

दुःख नै हो जिन्दगीको साथी भन्दछ
खुसी हुँदै दुःखका दिन गन्छ घनश्याम।

आरामको विरोधी हो परिश्रमी छ
कर्म नै हो धर्म यही भन्छ घनश्याम।

भैरहवा।





## ■ चन्द्रप्रसाद न्यौपाने

गाँस-बास दिने साउँ कटाएर
के जितें यहाँ खै नाउँ छपाएर।

लोक गर्छ लुगा लाउनमा होड
आफुचैं कविते लाउँ लजाएर।

हेर्पिंदा दुनियाँदेखि यहाँ मैले
लुट्नुपर्छ कसो गाउँ छकाएर ?

पक्षपात हुने गर्छ यहाँ धेर
खानुपर्छ यहीं खाउँ कजाएर।

व्यर्थका कविता लेख्न छाडी यो
लाग्छ झट्ट कतै जाउँ हराएर ?

लोभ लालचमा फेरि डकैतीमा
धन्यवाद यहाँ पाउँ भजाएर ?

के भनूँ म पुरस्कार मलाई ले !
दुष्टकै घरमा धाउँ डराएर ?

सिन्धुपाल्चोक।

## ■ छवि ज्ञवाली

आफ्नै इच्छाले मात्र चल्न सक्दैन जिन्दगी
मागेको भिक्षाले मात्र चल्न सक्दैन जिन्दगी।

सधैं सधैं परीक्षै परीक्षा छन् यात्राभरि
एक दुई परीक्षाले मात्र चल्न सक्दैन जिन्दगी।

भरेको अन्न र दिएको अर्ती सधैं काम लाग्दैन
पाएको शिक्षाले मात्र चल्न सक्दैन जिन्दगी।

जोख्यो भने तराजुमा दुःखै बढी हुन्छ
सुखको हिस्साले मात्र चल्न सक्दैन जिन्दगी।

अग्रगतिका ढोका सम्पूर्ण बन्द गरेपछि
विगतको समीक्षाले मात्र चल्न सक्दैन जिन्दगी।

मुटुमा घाउ अति दुखेपछि इमानको छवि बोल्यो
ठट्टा-खिस्साले मात्र चल्न सक्दैन जिन्दगी।

भैरहवा।



वैजयन्ती ३४ गजल अङ्क

## ■ जे. सागर

किन निस्क्या यो जुलुस ? प्रष्ट पारिदेऊ न
के चल्छ भित्र खासखुस ? प्रष्ट पारिदेऊ।

ठ्याम्मै पो दिंदैनौ त गाँउतिर बजेट
किन सरकार यस्तो कन्जुस ? प्रष्ट पारिदेऊ न।

खरदार साहेब महल त ह्वात्तै बनेछ है
पैतृक हो कि खायौ घुस ? प्रष्ट पारिदेऊ न।

हेर्दाहेर्दै देशको रगत झन् सुक्दै गयो
कहाँ बस्छन् चुस्ने उडुस प्रष्ट पारिदेऊ न।

दुनिया अनेक भन्छ आमालाई सोध्छु
यो 'सागर' कस्तो पुरुष ? प्रष्ट पारिदेऊ न।

आबुधावी, यु.ए.ई.।

उल्फतको प्रेममा क्या वर्वाद भो जमाना
मजनु बन्यो दिवाना लैला बनी दिवानी।
-उपेन्द्रबहादुर 'जिगर'

## ■ ज्ञानुवाकर पौडेल

नजरमा तिमी छाइराख्यौ
याद खुब आइराख्यौ ।

सुनिनौ कैले यो दिलको पुकार
दुनियाँको कुरा पत्याइराख्यौ ।

देखेर पनि मलाई नचिन्ने ?
चस्मा कस्तो लगाइराख्यौ ।

सँगालेर अरू कसैको सपना
दिलमा मेरो उदाइराख्यौ ।

ठानेथेँ मैले तिमीलाई जीवन साथी
थाङ्नामा पो सुताइराख्यौ ।

माग्दा हिसाब मेरो बैंसको
कुरा किन चपाइराख्यौ ?

सुनाएर मदाई मेरै गजल
दिवाना खुब बनाइराख्यौ ।

वत्तिसपुतली, काठमाडौं ।

## ■ प्रकाश बस्नेत

गाउँ उजाड भो उजाडै वस्ती छ
बाघको छालामा स्यालको मस्ती छ ।

खटिन्छ देश हाइटी र कङ्गोमा
आफ्नै यो भूमिमा शत्रुको गस्ती छ ।

सिमाना देख्दैन सिंहदरबार
कहाँ कसको कति जबरजस्ती छ ।

छैन देशभक्ति मुलुक हाक्नेमा
छ त केवल अरूकै प्रशस्ति छ ।

आऊ अब पालो तिम्रो वयानको
अरूको के मतलब को कस्ती छ ।

आलापोट, काठमाडौँ ।





## ■ डिल्लीराज अर्याल

उही माटो उही ढुङ्गा भए पनि हिमाल यो
आफू सधैं बस्न खोज्छ हिरो बनी हिमाल यो ।

अरूलाई मात्र चाँदी फलाममै दर्न खोजी
आफू गर्व गर्छ मोती मै हुँ भनी हिमाल यो ।

वल्ला पल्ला पहाडका आडमै छ तर पनि
एक्लो शक्ति बन्न खोज्छ अझ पनि हिमाल यो ।

जून घाम उदाउँदा उज्यालिने गरे पनि
हाँस्छ आफै टल्किएको ठानी मणि हिमाल यो ।

माथि बसी तल हेर्ने बानी परेर नै होला
उही यौटै दाबी गर्छ अझै पनि हिमाल यो ।

मनोहरवस्ती, काठमाडौं ।

अचानक एकै भेटमा कसरी ताकि तीर छाड्यौ
बनाइ दिल निशाना यो बताउ के नाफा पायौ ।
शरमले केही त्यसबेला नुहेको थियो हँसिलो मुख
दिई मञ्जुर आँखाले बताउ हाल के पायौ ।
-म. वी. वि. शाह

## ■ तिलस्मी प्रभास

माया दिन्छु भन्दा त्यसै फन्किएर गयौ
साथ दिन खोज्दा झनै सन्किएर गयौ ।

नबुझ्नेलाई खुर्पाको बिँड बन्छ श्रीखण्ड नि
हात दिँदा समाउन रन्किएर गयौ ।

कुभिन्डोलाई खुट्टा हाली उभ्याउन खोजें
तर तिमी मात्तिएर झन्किएर गयौ ।

मेरो मनको भाव बुझ्ने खुबी रहेनछ
त्यसैले त तिमी उसै भन्किएर गयौ ।

पश्चात्तापको ज्वाला बीच सायद परेका हौ
शीतल दिन खोजें मैले दन्किएर गयौ ।

बौद्ध, काठमाडौं ।

**के तपाईंले हाम्रो वेब साइड हेर्नुभएको छ ?**
web : http://nepalipublisher.com/





## ■ तुलसीनारायण चित्रकार

तिमीलाई देखेपछि प्रकृतिको सुन्दरता बुझें
कोमल मनका भावबाट तिम्रो आत्मीयता बुझें ।

जुनेली रात झैं उज्याली मुटुमा बास बसेछ
शान्त मन बन्यो अधैर्य मनको चञ्चलता बुझें ।

याद आउँछ घरीघरी पहिलो मिलनको पल
सुझेन जीवनमा केही मायाको मधुरता बुझें ।

लामो लाग्यो जीवन एक्लै बिताउन नसकिने भो
कहिँ केही अपुग रहेछ आफ्नै रिक्तता बुझें ।

हिमाल झैं अडिग नाता जुनीभरको साथ हाम्रो
अविरल आँखा रसाउँदा ती प्रतिबद्धता बुझें ।

ग्वार्को, ललितपुर ।

कलेजा एक चुम्बनले वसन्ती वाग झैं होला
मुटुमा चस्कने शोला शरद्‌को ताल झैं होला ।
तिमी हिमालको देवी जसै पग्लेर आउली
नसामा रक्तको खोला उषाको शीत झैं होला ।
-भीमनिधि तिवारी

## ■ त्रिलोचन आचार्य

हाँसेको जिन्दगी राम्रो
बाँचेको जिन्दगी राम्रो ।

स्वाभिमानको गीतमा
नाँचेको जिन्दगी राम्रो ।

वसन्तको बहार सजाउन
साँचेको जिन्दगी राम्रो ।

सद्भावको परीक्षामा
जाँचेको जिन्दगी राम्रो ।

कोही नभनोस् स्वार्थको बलले
भाँचेको जिन्दगी राम्रो ।

कपन १, काठमाडौँ ।

## ■ दिलिप दोषी

कस्तो माया दियौ आज
शब्दहरूले सियौ आज ।

एकोहोरो हावाजस्तै
फेरि फिर्ता लियौ आज ।

टुक्रिएको मनहरूमा फेरि
शालिक झैँ जियौ आज ।

दुखाएर गयौ तिमी
पातजस्तै खियौ आज ।

सिरानी भिज्यो सपनीले
फेरि विष पियौ आज ।

पोखरा, कास्की ।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मनित व्यक्तित्वहरु

| | |
|---|---|
| अङ्क १. कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्दुप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा. रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. डा.जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. डा. दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत 'मातृदास' (गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | |



वैजयन्ती ३४ गजल अङ्क

## ■ दिवाकर स्वप्नील

बागको फूल झरेर गयो
दुईचार दिल हरेर गयो ।

बगेको खोला छ धर्म आफ्नै
नफिर्ने प्रण गरेर गयो ।

जिब्रोले रेट्छ हृदयतलमा
नियति नुन छरेर गयो ।

जन्मियो सपना हर-प्रहर
शैशव नहुँदै मरेर गयो ।

झापा ।

## ■ नन्दलाल आचार्य

विरही यात्रु मलाई आज बनायौ तिमीले
हालत मेरो देखेर सोख मनायौ तिमीले ।

कुटिल चाल बुझिनँ मैले निरीह मनले
सुरुमा चाहिँ अघोरै माया खनायौ तिमीले ।

पटक्कै पिच्छे पाउँथेँ सुन्न एउटै अठोट
म मात्र तिम्रो भएको कुरा जनायौ तिमीले ।

घातक हुँदो रहेछ बुझेँ बेहोसी विश्वास
जीवनभर कठोर बोझ बनायौ तिमीले ।

गल्फडिया, उदयपुर ।

*

## ■ दीर्घ क्षत्री 'दीप'

देशको लागि छाती थापौं नलुकौं है नेपाली हो
हिमालजस्तै अटल रहौं नझुकौं है नेपाली हो ।

सानो भा' नि विश्व माझ अपराजित हामी नै हौं
वीरता यो कायम राख्न नचुकौं है नेपाली हो ।

आपसमा अल्झी रहे लक्ष्य कै'ले भेटिंदैन
हातेमालो गरी बढौं नरुकौं है नेपाली हो ।

अनेकतामा एकता खोजौं किन हुनु छिन्न भिन्न
एकै गाँठो परी बसौं नरुकौं है नेपाली हो ।

लाखै सुख मिले पनि पराई भूमि आफ्नो हुन्न
भुलेर नि जननीलाई नथुकौं है नेपाली हो ।

युएई, आबुधाबी ।








## ■ दुर्गा 'वनवासी'

आज फेरि समय अड्न खोजिरहेछ
विश्वासको सगरमाथा लड्न खोजिरहेछ ।

बाँच्दै गर्दा आस्थाको ज्योति जलाउँदै
किन फेरि अनास्था बढ्न खोजिरहेछ ?

मनको वाग ढाकेर फुल्न नभ्याउँदै
सुगन्धित प्रेम-फूल सड्न खोजिरहेछ ।

बुद्धको यो भूमिमा मौलाएर अशान्ति
हर आँखामा रक्त-नशा चढ्न खोजिरहेछ ।

ममताको आँगनमा स्वार्थी आगो खसेर
भाइचाराको बस्ती नै डढ्न खोजिरहेछ ।

वत्तिसपुतली, काठमाडौं ।

**के तपाईंले हाम्रा ज्ञान-विज्ञानका पुस्तकहरू पढ्नुभएको छ ?**

## ■ डा. धनपति कोइराला

कर्म गर्दै जाऊ लक्ष्य टाढा हुन्न कैल्यै
ईश चुम्छन् उसकै हात बाधा हुन्न कैल्यै ।

कर्मवादी मात्रै देवताको हुन्छ प्यारो
उद्यमीले फड्को मार्छ घाटा हुन्न कैल्यै ।

दूरदृष्टि राखी अग्रगामी पाउ चालौं
दूधको भारा तिर्दा निराशा हुन्न कैल्यै ।

भानुभ्कै तेजस्वी चन्द्रभ्कै त्यो कर्मरश्मि
साथ राखी जागे चन्द्र बायाँ हुन्न कैल्यै ।

लक्ष्य ताकी चल्दा ती पुगे तेन्जिङ् हिलारी
वीर हे नेपाली ! जाग पाखा हुन्न कैल्यै ।

नवलपरासी ।

के तपाईंले हाम्रो वेब साइड हेर्नुभएको छ ?
web : http://nepalipublisher.com/





## ■ धनराज गिरी

तिम्रो माया हृदयमा बढिरहेको छ
यो जिन्दगी प्रेमयुद्ध लडिरहेको छ ।

कहाँ गयो भगवान् भन्थे हिजोसम्म
एकान्तमा प्रेमग्रन्थ पढिरहेको छ ।

घटोस् घटोस् अझै घटोस् भन्थें तिम्रो माया
किन टेर्थ्यो सगरमाथा चढिरहेको छ ।

अब कतै न खोज है मलाई मेरी प्रिया
तिम्रो प्रेमी चितामाथि डढिरहेको छ ।

'नगर्नू है धेरै माया' भन्थ्यौ जैले पनि
तिम्रो वचन हृदयमा गरिरहेको छ ।

चितवन ।

के तपाईंले हाम्रा ज्ञान-विज्ञानका पुस्तकहरू
पढ्नुभएको छ ?

## ■ नरेन्द्रराज पौडेल

कोही टुकुचाको फोहोर भेलमा हतारमै जङ्घार तर्दै थिए
कोही राज्यको ढुकुटीले नपुगेर झारपात चर्दै थिए।

तान्द्रातुन्द्रु जिउभरि झुण्ड्याएर तक्मा मेडलहरू
कोही गौशालाको साँढे बन्ने रिहर्सल गर्दै थिए।

ढेडु छाउरा मिलेर शिवपुरी नागार्जुनतिरबाट झर्दै थिए
गोदावरी कीर्तिपुर भक्तपुरबाट कान्तिपुरतिर सर्दै थिए।

तारमा झुण्डिएर हाम फाल्दै गरेका ढेडुराजलाई सोधेको
कमलादिको खाली घर कब्जा गर्न जाने इसारा गर्दै थिए।

कोही आदिकविको नाममा विर्केटोपीले शिर सजाउँदै थिए
आफू कुलीन धर्माधिकारी हुनुको भ्रममा रैती कजाउँदै थिए।

इतिहासको पौरख सुँघाउँदै तर मार्ने कहिलेसम्म होला अब ?
ठेक्का बोल्नेहरू काम छोडेर तबला बजाउँदै थिए !

सिपापोखरे, सिन्धुपाल्चोक।





## ■ नवराज पोखरेल 'पाखेली'

अशान्ति छ अझै उस्तै बुद्ध शान्ति छर्न आऊ
दुखेको यो नेपाललाई मलम-पट्टी गर्न आऊ।

किन होला आफ्नैबीच आफ्नोपन छैन यहाँ
आफन्तबीच रहेको यो बैरी भाव हर्न आऊ।

अझै पनि काटमार हत्या हिंसा उस्तै नै छ
विवेकहीन मानवको सद्‌बुद्दि भर्न आऊ।

नेपाल हो जन्मभूमि जसले जे जे भने पनि
बुद्ध सधैं तिमी हाम्रो भागमा मात्र पर्न आऊ।

तिम्रै नामले चिनिएका छौं नेपाली हौं भनी
मेचीदेखि महाकाली सँगैसँगै तर्न आऊ।

मैतिदेवी, काठमाडौं।

**के तपाईंले हाम्रा उपन्यास र कथासङ्ग्रहहरू पढ्नुभएको छ ?**

## ■ नारायण नेपाल

बुबा बुबा भन्दै आउँछे सानी मेरी छोरी
खुसी बनी घर छाउँछे सानी मेरी छोरी।

जादुई छ बोली उसको मायालु छ बानी
काहीँ नभा'को माया लाउँछे सानी मेरी छोरी।

थाह भएर कि नाइँ खुसी बालापनको
भन्दिन त्यो कहाँ पाउँछे सानी मेरी छोरी।

टालाटुली बटुली हौ पुतलीहरूमा
सुनकेशरी रहर दाउँछे सानी मेरी छोरी।

खाना-नाना धून अरे खेल्न पाए गीत
लुटुपुटु पर्दै गाउँछे सानी मेरी छोरी।

रामहिटी, काठमाडौँ।

**के तपाईंले हाम्रा निबन्ध र प्रबन्धका पुस्तकहरू पढ्नुभएको छ ?**





## ■ नीता केसी

धेरै धेरै माया पनि टिक्दैन रे भन्ने सुनें
नबोल्नेको माया पनि बिक्दैनन् रे भन्ने सुनें।

संसारमा धेरै कुरा खरिद र बिक्री हुन्छ
माया किन्ने पसल कतै हुँदैन रे भन्ने सुनें।

पिए पनि सारा नदी समुद्रले पिएसरी
नदीहरूले कुनै दुःख मान्दैनन् रे भन्ने सुनें।

त्याग अनि दिनु मात्र लिनेको त भाउ छैन
दिने मात्र संसारमा अमर हुन्छ भन्ने सुनें।

आँखा पनि चुपै थिए मुख पनि मौन थियो
शब्दभन्दा निशब्दमा माया धेरै भन्ने सुनें।

देख छैन भेट छैन यै धरतीमा भए पनि
मुटुभित्र कोही राखी जिउँदै छौ रे भन्ने सुनें।

धेरै धेरै माया पनि टिक्दैन रे भन्ने सुनें
नबोल्नेका माया पनि बिक्दैनन् रे भन्ने सुनें।

ठमेल, काठमाडौं।

## ■ पवन सङ्ग्रौला

चराजस्तै भए म त सायद उड्थें होला
नेताजस्तै भए म त सायद गुड्थें होला।

एक रुपैयाँमा लोभ गर्ने ती धूर्त नेता कठै जनतालाई
मन्त्रीजस्तै भए म त सायद जनतालाई खुँड्थें होला।

आमाका मनमा रूमल्लिएका झिना आशााहरू
थुक्क तिमीजस्तै भए म सायद आशााहरू चुँड्थें होला।

पेसा तिमीलाई प्यारो लाग्छ म त संस्कृति नै मान्छु
अग्निकाने जस्तै भए संस्कृति नै पुर्थें होला।

म यस्तो भएँ उस्तो भएँ केही होइन म म नै हुँ
राम्रो साथ पाए हुन्थ्यो नेतालाई नै भुट्थें होला।

**के तपाईंले हाम्रा काव्य र कविताका पुस्तकहरू पढ्नुभएको छ ?**





## ■ पूर्ण मुनकर्मी

वसन्तमा नपलाए पात मौलाउने कहिले
ज्ञानीबाट नसिके गुण फैलाउने कहिले।

मानो छरी मुरी अन्न फलाए झैं गर्न
दीर्घ सोच राख्ने नेता बनाउने कहिले।

जोगाउनु वीउ भन्छ अनिकालै पर्दा पनि
सङ्कटको यो क्षणमा शिक्षा फिँजाउने कहिले।

थोपा थोपा मिली जुटे समुद्र हुने गर्छ
विश्वास आर्जी हामी सबै मिलाउने कहिले।

अष्ट्रेलिया।

## ■ बविन 'जिज्ञासु'

पीडा पर्दा दुई थोपा आँसु खसाएर
ठूलो गल्ती गरी उसले दुश्मन हँसाएर।

माया गर्ने प्रेमीलाई खलाँसीको दर्जा दिई
के पाउँछे आखिर उसले मान्छे हँसाएर।

भिडन्तमा मरेको छोरोको यादले रुन्छिन् आमा
छातीमा हाँसिरहेको फोटो टँसाएर।

एकतमास हुन्छ मन यो शव देखेपछि
कहिल्यै पनि सकिएन आँखा रसाएर।

तुप्चे, नुवाकोट।

## ■ पूर्वेली गाउँले

सधैं एउटै कुर्सीको लडाइ हुन्छ मेरो देशमा
कुरा मात्रै ठूला ठूला गराइ हुन्छ मेरो देशमा।

मान्छे मान्छेहरूको भीडमा मानवता भेटिँदैन
गरीबको सडकमै सडाइ हुन्छ मेरो देशमा।

हुन्न भर कसैको नि विश्वास गर्ने ठाउँ नै छैन
स्वार्थ लुटी आफ्नै मान्छे पराई हुन्छ मेरो देशमा।

चोर्नु, लुट्नु, तस्कर गर्नु कुरा गराइ के नै भो र ?
भ्रष्ट र घुसखोरीको रजाइँ हुन्छ मेरो देशमा।

आफ्नै मात्र स्वार्थ हेरी दलाल गद्दार गर्न जान्ने
तिनकै मात्र बढाइ चढाइ हुन्छ मेरो देशमा।

दक्षिण कोरिया।

के तपाईंले हाम्रो वेब साइड हेर्नुभएको छ ?
web : http://nepalipublisher.com/





## ■ प्रकाशमणि दहाल

नपिई नै पनि लाग्ने हुन्छ र मात के कुनै ?
हित्तचित्त मिलेपछि हुन्छ र जात के कुनै ?

राख शिरमै कि पाउमा कि फाल रछ्यानमै
सर्वस्व नै सुम्पिएसि हुन्छ र घात के कुनै ?

आँखा-आँखा नै खुदै बोल्न थाल्दछन् भने जब
अर्थपूर्ण अझै बढी हुन्छ र बात के कुनै ?

फुक्छ आगो बैंसको जसै हवाले प्रेमको भने
लामो पुसको नै पनि हुन्छ र रात के कुनै ?

सत्यम्-शिवम्-सुन्दरम् सबै प्रेम हुन् भने जब
नलम्किने प्रेम पाउँदा हुन्छ र हात के कुनै ?

चाबेल, काठमाडौं।

के तपाईंले हाम्रा ज्ञान-विज्ञानका पुस्तकहरू
पढ्नुभएको छ ?

## ■ प्रज्ज्वल भट्टराई

भर हुँदैन अनि विश्वास हुँदैन
यहाँ आफ्नै मान्छे पनि खास हुँदैन ।

पत्थरलाई बदल्ने प्रयास नगर्नू
किनकि पत्थर कदापि कपास हुँदैन ।

यो युगलाई हेरेर सोचिरहेछु
किन ? यी सामन्तीको पर्दाफास हुँदैन ।

यो मेरो सोचाइ अनि भोगाइ पनि हो
जिन्दगी सँधैभरि एकनास हुँदैन ।

जाऊ सम्बन्ध तोडेरै जाऊ तिमी पनि
यो 'प्रज्ज्वल' तिम्रो लागि उदास हुँदैन ।

काठमाडौं ।

**के तपाईंले हाम्रा काव्य र कविताका पुस्तकहरू पढ्नुभएको छ ?**





## ■ प्रभा बराल

बाँच्नै गाह्रो हुने गरी जताततै अभाव छ
धनीमानी नेताज्यूलाई मात्रै यहाँ रबाफ छ ।

लुटपाट, डकैतीले सुरक्षित को रहला
सधैंजस्तो दुःख लाग्ने खबरकै बहाव छ ।

अस्थिर यो सरकार जनताको के चासो र
आफूलाई नोट बिटो रिकापीमा कवाफ छ ।

मनोबल उच्च हुने समाचार कहाँ होला
जसले सक्यो उसले खायो मात्रै यहाँ चढाब छ ।

गरिबीले हुन लागे पागल नै जन यहाँ
भन नेता तिमीसँग यसको के जवाफ छ ?

वनस्थली, काठमाडौं ।

**के तपाईंले हाम्रा ज्ञान-विज्ञानका पुस्तकहरू पढ्नुभएको छ ?**

## ■ बद्री लामा

फोहरको डुङ्गुरलाई चलाएर आयौ किन ?
परीरूपी यौवनलाई जलाएर आयौ किन ?

यदि मेरै जिन्दगीमा आजीवन जिउनु थियो
अर्कैसँग ओठ मुख दलाएर आयौ किन ?

मेरो मनको समीपता पाउने तिम्रो इच्छा भए
मायाजालको भ्रूणलाई खुसाएर आयौ किन ?

खहरेझैं गडगडाई आफ्नो बाटो लाग्ने तिमी
पराइको स्वाद चाखी सुसाएर आयौ किन ?

कलकलाउँदो लाली जोवन मेरै लागि सच्या भए
तिम्रो कोमल अङ्ग अङ्ग चुसाएर आयौ किन ?

काठमाडौँ ।

**के तपाईंले**
**हाम्रा स्कुल, बोर्डिङ र कलेजका पुस्तकहरू**
**पढ्नुभएको छ ?**





## ■ बलराम पौडेल

निष्ठुरीको मुहारलाई देख्दिन भो भन्दा पनि
बेअर्थका दुईचार शब्द लेख्दिनँ भो भन्दा पनि ।

हत्केलाले सूर्यलाई छेकिँदैन थाहा छ
अनायासै हात उठ्यो छेक्दिनँ भो भन्दा पनि ।

जिन्दगीको बाटो काट्न यात्रा मेरो जारी छ
रफ्तारमा धेरै भेटें भेट्दिनँ भो भन्दा पनि ।

फूलजस्तै मुस्कुराउँछु उसले जस्तै बास्ना छर्छु
भन्दै खुसी रेटिरहें रेट्दिनँ भो भन्दा पनि ।

चिस्सिएको रात थियो मन उस्तै चिसै थियो
अँगेनाको छेउ पुगें सेक्दिनँ भो भन्दा पनि ।

बेअर्थका दुईचार शब्द लेख्दिनँ भो भन्दा पनि ।
अनायासै हात उठ्यो छेक्दिनँ भो भन्दा पनि ।

पुतलीबजार, स्याङ्जा ।

## ■ बिनु भट्टराई

भयभीत हुँदिनन् सीता अब रावणबाट
यही बुझिरहेछु समाजको उदाहरणबाट ।

प्रायःजसो देखिन्छन् जन्म-मृत्युका घटना
तैपनि मानिस अनभिज्ञ छ आफ्नो मरणबाट ।

मुस्कानमाथि औंला उठाइरहेछ कसैले
के पत्ता लगाउला बुर्काजस्तो आवरणबाट ।

कोही हुनुको आभाष गहिरो हुँदो रहेछ
दीप नबाली  पुजिइन्छ स्मरणबाट ।

यो हालत काफी छ बुझ्नुभए हजुरले
यात्रा सुरु गर्ने मन छ तिनै चरणबाट ।

काठमाडौं ।

**के तपाईंले हाम्रा समालोचना र अध्यात्मदर्शनका पुस्तकहरू पढ्नुभएको छ ?**





## ■ बूँद राना

जहाँ जुन ज्यानमा छल्केको पसिना हुन्छ
हो त्यहीं हुन्छ हरिद्वार मदीना हुन्छ ।

मृग र मान्छे एकै खालका भेटें मैले
वनमा खोज्छ तर साथमा बिना हुन्छ ।

केही बन्न र हुन पेलिनै पो पर्ने भो
तोरी पेलिन्छ र पो तेल र पिना हुन्छ ।

खानीमा फेला परुञ्जेल पनि ढुङ्गो हो
शिल्पीका हात परेर त्यो नगीना हुन्छ ।

म त भोजन पो बनेको छु देश भन्दै छ
मान्छे के भन्नु कतिसम्म कमिना हुन्छ ।

काठमाडौं ।

**के तपाईंले हाम्रा बाल साहित्य आफ्ना नानीहरूलाई पढाउनुभएको छ ?**

## ■ भारती गौतम

जीवनका हरफ केही नभए नि बाँकी पढ्न
गाह्रो मान्ने पाताहरू किन होला अघि बढ्न ।

उमेर फुल्यो शिरभरि पलासजस्तै हुँदै गयो
सपनाको हरियाली थालिसक्यो आफै डढ्न ।

साँगुरी र धारापानी उकालो होस् ओरालो होस्
जाँगरिला तिनै गोडा अहिले थाले यसै गल्न ।

रूख उही पात उही फरक केही देखिँदैन
जरा सुके उत्साहका उमङ्ग नै छोड्यो फल्न ।

हिँडिसकेँ भन्ने ठान्थेँ जिन्दगीको लामो बाटो
सबैभन्दा अग्लो पहाड अझै बाँकी रै'छ चढ्न ।

बोष्टन, अमेरिका ।

**शब्दार्थ प्रकाशन**ले
१९ थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ ।





## ■ भुवनहरि सिग्देल

अग्लो हिमाल हेरेँ पग्ली खसिरहेछ
माटो भुलेर छोरो खाडी पसिरहेछ ।

बाझै छ खेतबारी दूवो बढ्यो
जाऊँ विदेश जाऊँ हावा चलिरहेछ ।

आमा मरे मरून् रे बाबा बिते नसोध
छोरो चिहानजस्तो खाल्टो खनिरहेछ ।

सारी सधैँ सिमाना बैरी सऱ्यो
हे वीर चेतनामा खिया परिरहेछ ।

सम्झी कथा पुराना आँसु झरेर सुक्छन्
त्यै गीत गुनगुनाई घाँटी बसिरहेछ ।

मेरो गरी लिलामी मोर्चा कस्दा
मेरै गला निचोरी भुँडी लुछिरहेछ ।

आफ्नै मलाम जाने बाटो बनाइँदै छ
त्यै शत्रुको सलामी बाजा बजिरहेछ ।

सानेपा, ललितपुर ।

## ■ मदन न्यौपाने 'दोषी'

ऐया भन्न करै लाग्यो दुःखाइमा कैले काहीँ
सोधेनौ है के भो भनी रुवाइमा कैले काहीँ ।

रहर हुन्छ जो कोहीलाई सफलताको शिखर चुम्ने
चढ्नु झर्नु स्वाभाविक हो उचाइमा कैले काहीँ ।

हार्‍यौ भनी नसम्झिनु जिन्दगी एक हार-जित हो
जित्नु भन्दा मजा हुन्छ हराइमा कैले काहीँ ।

नफुर्क भो आफ्नो बयान आफै सामु हुँदा आखिर
इर्ष्या लुकाइ दिने गर्छन् बधाईमा कैले काहीँ ।

डराएको नसम्झिनु गन्तव्यमा नपुग्दै म
केही अर्थ पक्कै हुन्छ रुकाइमा कैले काहीँ ।

कति सोच्छौ आफ्नो मात्र देशको बारे सोच न हो
लाऊ त्यो मन जनहितको भलाइमा कैले काहीँ ।

मलाई 'दोषी' ठान्छौ किन ? रिस बोकी आत्माभित्र
कमी भो कि ? सम्बन्धको निभाइमा कैले काहीँ ।

आणद, गुजरात ।





## ■ मनोज ढुङ्गाना

राष्ट्र हाक्ने राष्ट्रवादी लिडर चाहिएको छ
भ्रस्टलाई झुकाउने निडर चाहिएको छ ।

नदी, बिजुली, इन्धनको हिसाब कतै छैन
दुरुपयोग रोक्न सक्ने फिडर चाहिएको छ ।

राजनीति पेसा भयो देश लुट्नका लागि
लुटेराको हिसाब नाप्ने मिटर चाहिएको छ ।

बेरोजगार अशान्तिले देश दुखाउँदै गर्दा
खाडी कानून सुनाइदिने रिडर चाहिएको छ ।

आखिर देश चलिरा'छ रेमिट्यान्सकै भरमा
युवा विदेश पठाउने असल डिलर चाहिएको छ ।

श्रद्धानगर, हेटौडा ।

**शब्दार्थ प्रकाशन**ले
१९ थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ ।

## ■ मनोज भण्डारी

थियो भृङ्गले एक घुट्को पिएको
अरे ! फूलले थाह पायो पिएको ।

सखे देश डढ्नेछ निश्चिन्त होऊ
छ ज्वालामुखी पातले छोपिएको ।

तिमी अग्नि ओकल्दछौ लेखनीले
कतै किन्तु देखिन्न आगो पिएको ।

म खिस्रिक्क हाँसी दिएँ ओठ खोली
थियो पाखुरामा छुरा रोपिएको ।

कहाँ मेट्न सक्ने इरेजरले
छ त्यो नाम यो चित्तमा खोपिएको ।

सुरा नै नप्युनेहरूले सुनाए
दुई शेर मात्रै सुधा हो पिएको ।

देवघाट, तनहुँ ।

## ■ लक्ष्मीदत्त भट्ट

म पौडेर नाला कहाँ तर्न सक्छु
विषै यो पिएरै कहाँ मर्न सक्छु ।

सधैं शान्त बस्ने म सक्दिनँ गर्न
यसैले सदा मै तलै पर्न सक्छु ।

सदा भन्नैं म मेरी दयालु सखाले
उठायो मलाई भने सर्न सक्छु ।

लिई हात जोडा परेवा उडाई
टुटेको दिलैमा खुसी भर्न सक्छु ।

नयाँ प्रेम एक्लै कसोरी लगाऊँ
सधैं साथ पायो भने गर्न सक्छु ।

दिपायल ।





## ■ मानन्धर अभागी

जिन्दगी गजल भनिन्छ फगतः फगतः लाग्छ
न भात पाक्छ न दाल दिमागी कसरत लाग्छ ।

कति लेख्नु र गजल लेख्दै गरेको त्यो मसी
किन किन यस्तो लाग्छ आफ्नै त्यो रगत लाग्छ ।

बसौँबाट बल्ल बल्ल दुःखले पुस्तक छापिन्छ
किलोमा बेचिने कवाडी सतप्रतिसत लाग्छ ।

विमोचन गर्दा श्रीमान्ज्यू ठुलो ठूलो भाषण गर्छ
साँचोभन्दा झूटो बोल्दा उहाँ गलत लाग्छ ।

